आज मिति २०८३ साल असार महिनाको ३० गते बिहानको ठीक ०८ :०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको ११४ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

स्वास्थ्य शाखा प्रमुख श्री रेम बहादुर दिशा

शिक्षा शाखा प्रमुख कविता पोखरेल

पशु शाखा प्रमुख ओम बहादुर मस्राङ्गी

पूर्वाधार शाखा प्रमुख श्री संजय खनाल

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वर नाथ चौधरी

बाल कल्याण अधिकारी श्री कुशमाखर पाण्डे

का.स.श्री गम बहादुर गाहा

मिति २०८३।०३।३० गतेका दिन बिहान ठीक ८:०० बजे बसेको निस्दी गाउँपालिकाको ११४ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१. समिक्षा तथा रिपोर्टिङ्ग सम्बन्धमा ।

२. वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

३. आ.व.२०८२।०८३ को वार्षिक प्रतिवेदन सम्बन्धमा ।

४. करार म्याद थप सम्बन्धमा ।

मिति २०८३।०३।३० गते बसेको निस्दी गाउँपालिकाको ११४ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१.गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२.आगामी आ.व.२०८३।०८४ को लागि गाउँसभाको २० औं अधिवेशनको दोस्रो बैठकमा पेश भएको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँसभाको २० औं अधिवेशनको तेस्रो बैठकमा पारितको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

३.यस आ.व.२०८२।०८३ को निस्दी गाउँपालिकाको कुल बजेट रकम रु.६८,८८,८८,०००।- मध्ये विनियोजित चालु खर्च रुकम रु.४४,५८,३८,०००।- को ८७.४१ प्रतिशत, पुंजीगत खर्च रकम रु.२४,३०,५०,०००।- को ६२.१३ प्रतिशत गरी समग्रमा ७८.४९ प्रतिशत खर्च भएको साथै श्रोतगत बजेट तथा खर्च,संघीय सरकार वित्तीय हस्तान्तरण बजेट तथा खर्च लगायतका सबै बजेट तथा खर्च सम्बन्धी सुत्रमा आधारित वार्षिक प्रतिवेदन प्रस्तुत गरी जानकारी गराईयो ।

४. यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयमा कार्यरत सबै करार र ज्यालादारी कर्मचारीहरुको करार म्याद मिति २०८३।०४।०१ गते देखि लागू हुने गरी २०८३ पौष मसान्त सम्म थप गर्ने साथै संघीय तथा प्रादेशिक करार दरबन्दीको करार म्याद १ वर्षको हुने भएकोले २०८४ असार मसान्त सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।